संघीय संसद
प्रतिनिधि सभा
आठौं अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल साउन १९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमा ने.क.पा. (एमाले)का उपस्थित सम्पूर्ण मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री गणेश सिंह ठगुन्नालाई समय दिनुहुँदा उहाँले सरकार सम्बद्ध दल सत्ता भागवण्डामा रूमलिएको, २०७८ साउन १५ गते दार्चुला जिल्लाको सीमावर्ती क्षेत्र मालघाटमा जयसिंह धामी तुईन मार्फत् महाकाली नदी तर्ने क्रममा भारतीय अर्ध सैनिक बलले तुईनको तार फुकालिदिंदा नदीमा खसेर बेपत्ता भएको तर वर्तमान सरकारले कुटनैतिक माध्यम मार्फत् दोषीलाई कारवाही गर्न र पिडितलाई क्षतिपूर्ति दिलाउन पहल नगरी प्रशासनिक नेतृत्वमा छानविन समिति गठन गरी घटना साम्य बनाउन खोजेको, घटनाको सम्बन्धमा संसदीय छानविन समिति गठन गरिनुपर्ने, उक्त घटनाको सम्बन्धमा भारतसँग औपचारिक रूपमा विरोध दर्ता गरी दोषीलाई कारवाही गर्न पहल गरियोस् र परिवारलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने, दार्चुला-खलङ्गा-टिङ्कर-कालापानी सडकलाई राष्ट्रिय गौरवको सडक घोषणा गरी छिटो सम्पन्न गर्नुपर्ने लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरूले समसामयिक विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला नेपाली
२. मा० श्री बिमला वि.क.
३. मा० श्री बृजेश कुमार गुप्त
४. मा० श्री भरत कुमार शाह
५. मा० श्री भीमसेन दास प्रधान
६. मा० श्री भूमि प्रसाद त्रिपाठी
७. मा० श्री मन कुमारी जि.सी.
८. मा० श्री महेश बस्नेत
९. मा० श्री महेश्वर जंग गहतराज (अथक)
१०. मा० श्री माया देवी न्यौपाने
११. मा० श्री मिन बहादुर विश्वकर्म
१२. मा० श्री मिना सुब्बा
१३. मा० श्री मेटमणि चौधरी
१४. मा० श्री मोहन बानियां
१५. मा० श्री यज्ञराज सुनुवार
१६. मा० श्री योगेश कुमार भट्टराई
१७. मा० श्री राजबहादुर बुढा क्षेत्री
१८. मा० श्री राजेन्द्र कुमार राई
१९. मा० श्री राजेन्द्र प्रसाद गौतम
२०. मा० श्री राम बहादुर विष्ट
२१. मा० श्री रामबिर मानन्धर
२२. मा० श्री रामेश्वर राय यादव
२३. मा० श्री राम कुमारी झाँक्री
२४. मा० श्री रेनुका गुरुङ्ग

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले महाकाली नदी तर्ने क्रममा तुइनबाट खसेर बेपत्ता भएका जयसिंह धामीको खोजी कार्य नेपालतर्फ महाकाली नदीको पूर्वतर्फ नेपाली सुरक्षाकर्मीबाट र पश्चिम किनारातर्फ भारतीय सुरक्षाकर्मीबाट भैरहेको जानकारी गराउँदै उक्त घटनाको छानविन गर्न समिति गठन भई त्यसतर्फ पठाइएको जानकारी गराउनु भयो । धनुषा जिल्ला लक्ष्मनियाँ गाउँपालिका २ का पल्टु रविदासको हिरासतमा मृत्यु भएको सम्बन्धमा, मनसुनजन्य घटनाको क्षति विवरण तथा सिन्धुपाल्चोक र मनाङ जिल्लामा बाढी पहिरोले पुऱ्याएको क्षतिमा सरकारको तर्फबाट राहत र उद्धारका सम्बन्धमा भएका काम कारवाहीका सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरूले सोध्नुभएको प्रश्नको मा० गृह मन्त्री श्री बालकृष्ण खांणले जवाफ दिनुभयो ।

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री गगन कुमार थापा
४. मा० श्री शेर बहादुर तामाङ

५. मा० श्री शान्ता चौधरी
६. मा० श्री बिमला वि.क.
७. मा० श्री गणेश सिंह ठगुन्ना
८. मा० श्री महेश बस्नेत
९. मा० श्री देवेन्द्र राज कंडेल
१०. मा० श्री दिलेन्द्र प्रसाद बडू
११. मा० श्री पुष्पा भुसाल (गौतम)
१२. मा० डा० डिला सँग्रौला (पंत)
१३. मा० श्री पदम गिरी
१४. मा० श्री राजेन्द्र कुमार के.सी.
१५. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
१६. मा० श्री प्रेम सुवाल
१७. मा० श्री विशाल भट्टराई

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरूले भाग लिनुभयो :-

१. मा० श्री सूर्यप्रसाद पाठक
२. मा० श्री दिलेन्द्र प्रसाद बडू
३. मा० श्री सुरेन्द्र कुमार कार्की
४. मा० श्री रामबाबु कुमार यादव
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री विन्दा पाण्डे
७. मा० श्री देवेन्द्र राज कंडेल
८. मा० श्री गजेन्द्र बहादुर महत
९. मा० श्री लिला देवी सिटौला
१०. मा० श्री शेर बहादुर तामाङ
११. मा० श्री प्रमिला राई
१२. मा० श्री गंगा चौधरी (सत्गौवा)
१३. मा० श्री पवित्रा निरौला (खरेल)

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले "मुस्लिम आयोगको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७६/०७७" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य अकबरबहादुर सिंहको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक तत्कालिन राष्ट्रिय प्रजातन्त्र पार्टीबाट २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा दार्चुला जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनहरूमा सक्रिय भूमिका निर्वाह गर्नुभएका, नेपाली काँग्रेसका नेता अकबरबहादुर सिंहको ९० वर्षको उमेरमा मिति २०७८ साल साउन १५ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले दिवंगत पूर्व सदस्य अकबरबहादुर सिंहको निधनप्रति शोक प्रकट गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७८ साल साउन २६ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव